परिवर्तन गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पुतलाचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

२०७२

☎ ९८५७८४९००१

प.स. २०७७/७८ (प्रशासन)

च.नं. १५२५

मिति : २०७७।०१।२४

**वडा कार्यालय, स्वास्थ्य संस्थाहरु सबै,**
**परिवर्तन गाउँपालिका, रोल्पा ।**

**विषय:- अत्यावश्यक जानकारी सम्बन्धमा ।**

विश्वमा महामारीको रुपमा फैलिरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ (कोरोना भाइरस) संक्रमण हालका दिनहरुमा नेपालमा पनि तिब्र रुपमा फैलिरहेको सन्दर्भमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७८।१।२२ गतेको परिपत्र र जिल्ला प्रशासन कार्यालय, रोल्पा तथा जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्र, रोल्पाको मिति २०७८।१।२० गतेको निर्णय तथा निशेधाज्ञा सम्बन्धी आदेश समेतका आधारमा यस परिवर्तन गाउँपालिकाभित्र कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि परिवर्तन गाउँपालिका तथा वडा कार्यालयहरुमा देहाय बमोजिम गर्न गराउन अनुरोध छ ।

**तपसिल:**

१. कोभिड-१९ रोकाथाम तथा नियन्त्रणको लागि सबै वडाहरुले टोल विकास संस्थाहरुलाई क्रियाशिल गर्ने । उक्त उक्त संस्था अन्तरगत कोभिड १९ रोकथाम तथा नियन्त्रणको लागी निगरानी समुह गठन गर्ने ।

२. कोभिड-१९ संक्रमित (जोखिम रहित) को हकमा निजले आफ्नो घर वा घरपरिवारको रेखदेखमा बस्न चाहेको खण्डमा त्यहीँ बस्ने व्यवस्था मिलाउने गरी वडा कार्यालय/टोल विकास समितिले घरैमा आइसोलेशन राख्ने मापदण्ड पालना गर्ने गरी आवश्यक व्यवस्था मिलाउने ।

३. देश भित्रको जुनसुकै जिल्लाबाट आएका र विदेशबाट आएका व्यक्तिहरुको सम्बन्धमा होम क्वारेन्टिनको व्यवस्था अनिवार्य गर्नुपर्नेछ । सोको अनुगमन गर्ने जिम्मेवारी वडा कार्यालय र उचित व्यवस्थापनको जिम्मेवारी टोल विकास संस्था र निगरानी समुहको हुने गरी व्यवस्था मिलाउने ।

४. वडा कार्यालयले अर्को जानकारी नहुँदा सम्म विकास निर्माणका काम सम्बन्धी कुनै पनि सिफारिस नगर्ने तर अत्यावश्यक सेवा तथा कोभिड १९ को रिर्पोटिङका लागी वडा कार्यालय खुल्ला राख्ने ।

५. निर्माण कार्य र तालिम संचालनको लागि बाहिरबाट आएका व्यक्तिहरुलाई प्रवेश निषेध गर्ने र निर्माण कार्य र तालिममा सहभागीहरुलाई अन्यत्र जिल्ला वा देशबाट आएका व्यक्तिहरुको सम्पर्कमा नजाने गरी सचेत गराएर स्वास्थ्यका मापदण्ड पालना गरी संचालन गर्ने ।

६. क्वारेन्टिन, आइसोलेशन, केश इन्भेस्टीगेसन, कन्ट्याक्ट ट्रेसिङ लगायतका कार्यमा गाउँपालिकाले आवश्यक व्यवस्था गरेको छ । कोभिड - १९ ले बिकराल रुप लिन सक्ने कुरालाई ध्यानमा राखी वडा कार्यालयले सो सम्बन्धमा आवश्यक सहयोग पुर्‍याउनु पर्नेछ ।

७. परिवर्तन गाउँपालिकाले अस्थाई कोभिड-१९ अस्पताल, पुतलाचौरमा हाल १० वटा आइसोलेशन बेड तयार भएको र अन्य बेडहरु विस्तार गर्ने क्रममा रहेको छ ।

८. संकास्पद लक्षण तथा चिन्हहरु देखिएका विरामीलाई कोभिड १९ परीक्षणका लागी गाउँपालिकामा स्वाब संकलन केन्द्र स्थापना गरेकोले कोभिड १९ परीक्षण गर्नु पर्ने भएमा सम्बन्धीत स्वास्थ्य संस्था मार्फत यथा समयमै गाउँपालिकामा सम्पर्क राख्नु पर्ने छ ।

९. कोभिड-१९ संक्रमित व्यक्तिमा कडा खालको समस्या देखिन आएमा थप उपचारको लागी नजिकको कोरोना विशेष अस्पताल सम्म पुर्‍याउन गाउँपालिकामा गाडीको व्यवस्था मिलाएको छ ।

१०. कोभिड १९ उपचारका लागी आवश्यक स्वास्थ्य सामग्री खरिद तथा आपुर्तिको उचित व्यवस्था मिलाएको छ ।

Scanned with CamScanner

परिवर्तन गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पुतलाचौर, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३
प.स.२०७७/७८ (प्रशासन)
च.नं.
९८५७८४१००१

११. प्रत्येक स्वास्थ्य संस्थाका इन्चार्जहरु र वडा सचिवहरुलाई आफ्नो वडाको कोरोना संक्रमणको अवस्था, संक्रमित व्यक्तिको स्वास्थ्य अवस्था र होम आइसोलेशनमा बसेका व्यक्तिको निगरानी तथा स्वास्थ्य अवस्थाका बारेमा दैनिक रिपोटिङको लागी सम्पर्क व्यक्तिको रुपमा काम गर्ने ।

१२. तत्कालिक विपदको प्रतिकारका लागी परिवर्तन गाउँपालिका द्रुत प्रतिकार्य समुहका साथै प्रत्येक वडामा विपद प्रतिकार्य समुह गठन गरी परिचालन गर्ने ।

१३. कोरोना भाइरस संक्रमणको महाविपत्तिको समाना गर्न कसैको पनि एक्लो प्रयास पर्याप्त नहुने भएकोले यसको रोकथाम तथा नियन्त्रणका लागी सबैले अनावश्यक त्रास भन्दा पनि सावधानी र सुरक्षा मापदण्डको पालना गरी गम्भिर भई लाग्न अनुरोध गरिन्छ ।

१४. कोरोना संक्रमित विरामीले होम आइसोलेशनमा बस्न चाहेमा सम्बन्धीत वडा अध्यक्षको रोहवरमा विरामीको मन्जुरीमा बस्न दिइनेछ ।

१५. **कोभिड १९ केशको आइसोलेशन व्यवस्थापन सम्बन्धी निर्देशिका २०७७** बमोजिम होम आइसोलेशनमा बस्ने विरामीले देहाय बमोजिमको नियमको पालना गरी बस्नु पर्नेछ र सोको निगरानी सम्बन्धीत वडा स्वास्थ्य संस्था तथा टोल विकास संस्थाहरुले राख्नु पर्नेछ ।

**तपसिल**

- हावा खेल्ने तथा  प्रकाश पर्याप्त आउने छुट्टै कोठामा राख्ने व्यवस्था मिलाउने
- उपचार अवधिभर बाहिर ननिस्कने र आवश्यक पर्ने सामग्रीहरु परिवारका सदस्यहरु मार्फत मगाउने,
- खानाको व्यवस्थामा विशेष सावधानी अपनाउनु पर्ने छ जस्तै: पर्याप्त मात्रामा पानी, झोलिलो र पोसिलो खानेकुराहरु खाने ।
- प्रयोग गरिएका भाडाहरु सुरक्षितरुपले सफा गर्ने राम्रो सँग सुकेपछि मात्रै पुनः प्रयोग गर्ने,
- स्नान घर/शौचालयको छुट्टै व्यवस्था मिलाउने र सामुहिक रुपमा प्रयोग गर्नु पर्ने अवस्था भएमा प्रत्येक प्रयोग पछि सरसफाईमा प्रयोग हुने disinfectant ले राम्रो सँग सफा गरे पश्चात् मात्रै अन्य सदस्यले प्रयोग गर्ने,
- हात धुने वेसिनहरु संक्रमणको श्रोत हुनसक्ने प्रयाप्त जानकारी गराई दाँत माझ्ने ब्रस लगायतका सामानहरु राख्न छुट्टै वेसिनको प्रयोग गर्ने,
- धेरै प्रयोग हुने चीजहरु जस्तै ढोका,मेसिनका ह्यान्डल,टेवल तथा अन्य सामाग्रीहरु जुन धेरै व्यक्तिहरुले चलाउने वा छुने सम्भावना रहन्छ ती सामानहरुको डिसइन्फेक्टेन्ट प्रयोग गरी नियमित सफा गर्ने,
- हात धुने साबुन र पानीको प्रयाप्त व्यवस्था गर्नु पर्ने र सवै सदस्यहरुले समय समयमा सफा गर्ने ,
- भाँडा कुँडा,कपडा धुनका लागि पञ्जा लगाएर धुने वा मसिनमा छुट्टै धुने र राम्रो सँग घाममा सुकाउने,

Scanned with CamScanner

परिवर्तन गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पुतलाचौर, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

०८६४०८४१००१

प.स. २०७७/७८ (प्रशासन)
च.नं. [illegible]

- ➢ निजको हेरचाह र प्रत्यक्ष सम्पर्कमा रहने व्यक्ति र निजले अनिवार्य रुपमा मेडिकल मास्क प्रयोग गर्ने,
- ➢ बढी जोखिममा रहने समूहहरु जस्तै: दीर्घ रोगीहरु,६० वर्ष माथिका जेष्ठ नागरिकहरु,गर्भवती तथा सुत्केरी महिलाहरुलाई निजको सम्पर्कबाट टाढा राख्नु पर्नेछ,
- ➢ दिनमा कम्तीमा ३ पटक ज्वरो जाँच गरी रेकर्ड राख्ने,
- ➢ हरेक दिन दुईपटक आफ्नो स्वास्थ्य अवस्थाको बारेमा सम्बन्धीत वडाको स्वास्थ्य कर्मीलाई फोन वा एस.यम.एस.बाट जानकारी गराउने,
- ➢ निम्न अवस्थाहरु देखिएमा निज वा निजको हेरचाहमा संलग्न व्यक्तिले तुरुन्तै सम्बन्धीत स्वास्थ्य कर्मीलाई जानकारी दिनुपर्नेछ :

- श्वासप्रश्वासमा कठिनाई भएमा,
- छाती दुख्ने वा भारी महसुस भएमा,
- ओठ तथा अनुहार नीलो देखिएमा,
- होस हराएमा,
- अन्य कुनै जटिल अवस्था देखिएमा ।

डिल्ली खड्का
प्रमुख प्रशासकीय अधिकृत